४६२/६४

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

सु.नं. २७६/२०७०/०७१

निर्णय नं. ७४

भक्तपुर जिल्ला मध्यपुर ठिमी नं.पा.वडा नं.१६ लोकन्थली बस्ने शारदा भुषाल (भा)..............१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौं ..........................................................................................१ विपक्षी

सूचना अधिकारी, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौं ..........................................................................................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

भक्तपुर जिल्ला मध्यपुर ठिमी नं.पा.वडा नं.१६ लोकन्थली बस्ने शारदा भुषाल (भा)ले स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१।१९ मा निवेदन गरेको । यस आयोगबाट मिति २०७१।०२।०७ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौंलाई मिति २०७१।०२।१३ च.नं. ९९०, पु.च.नं. ३९३ बाट लेखी पठाइएको । निवेदकले सूचना पाइन भनी मिति २०७१।०२।२९ र २०७१।०३।२६ मा पुन: उजुरी गरेकोमा यस आयोगबाट मिति २०७१।०३।०६, च.नं. ११०६, पु.च.नं. ४७५ र २०७१।०८।०२, च.नं.५५९, पु.च.नं. २६२ बाट ताकेता पत्र समेत पठाएको । उक्त पत्राचार पश्चात निवेदकबाट सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाइन भनी निवेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि निवेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारबाही प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत उजुरी तामेलीमा राखिएको छ । प्रस्तुत उजुरीको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज ६ गते रोज ४ शुभम् ।